नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं

## युवा सञ्चार टेलिभिजन कार्यक्रमको साप्ताहिक श्रृंखलाको उत्पादनको प्राविधिक/आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धमा

प्रथम पटक सूचना प्रकाशन मितिः २०७६।६।१

यस मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार युवा सञ्चार टेलिभिजन कार्यक्रमको साप्ताहिक श्रृंखला उत्पादन गर्ने सम्बन्धमा सेवा खरिद गर्नुपर्ने भएकोले सम्बन्धित काममा इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीले सूचना प्रकाशन भएका मितिले १५ दिन भित्रमा सो सम्बन्धित प्राविधिक र आर्थिक प्रस्ताव सहितको कागजात फाराम यस मन्त्रालयबाट प्राप्त गर्नु भई सो को भोलिपल्ट दिनको १२.०० बजे भित्र प्रस्ताव कागजातमा उल्लेख भए बमोजिमको व्यहोरा भरी प्राविधिक तथा आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा शिलबन्दी बझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि यस मन्त्रालयको फोन नं. ०१-४२००५४४ मा सम्पर्क गर्न वा मन्त्रालयको वेभसाईट www.moys.gov.np मा समेत हेर्न यो सूचना आह्वान गरिन्छ।

# १. प्रस्ताव आव्हानको सूचना

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाण्डौं ।

युवा सञ्चार टेलिभिजन कार्यक्रम को साप्ताहिक श्रृंखलाको उत्पादन गर्ने कार्यको प्राविधिक र आर्थिक प्रस्ताव आह्वानको सूचना

सूचना प्रकाशित मिति २०७६/०६/०१

यस मन्त्रालयको लागि आ. व. २०७६।७७ को वार्षिक कार्यक्रम अनुसार युवा सञ्चार टेलिभिजन कार्यक्रम को साप्ताहिक श्रृंखलाको उत्पादन गर्ने सम्वन्धमा तपसिल बमोजिमको प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै प्रचलित खरिद ऐन तथा नियमावली अनुसार प्रस्ताव दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. प्रस्तावदाताले पालना गर्नुपर्ने कार्यक्षेत्रगत प्रस्तावका सर्तहरु प्रस्ताव फाराममा उल्लेख गरिएको छ।
२. प्रस्तावसाथ प्रस्ताव दाताले सम्बन्धित कामको इजाजत प्राप्त फर्म वा कम्पनी दर्ता, स्थायी लेखा नं दर्ता, मु.अ.क. दर्ता आदिका प्रमाण पत्र तथा आ.ब. ०७४/७५ को कर चुक्ता प्रमाण पत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरू र खरिद कारोवारमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिने र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको स्वघोषणा पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।
३. उत्पादन सम्बन्धको प्राविधिक र आर्थिक प्रस्ताव प्राप्त गर्नको लागि बुँदा नं. २ मा उल्लेखित प्रमाणित कागजात सहित एभरेष्ट बैंक लिमिटेड सिंहदरबारमा रहेको राजश्व खाता नं. ००१००१०६२००००० राजश्व कोड नं. ३०५०४३५०६ राजश्व शिर्षक नं. १४२२९ मा रु.१०००।- जम्मा गरेको सक्कल भौचर संलग्न गरी यस मन्त्रालयको भण्डार शाखाबाट मिति २०७६/०६/१५ गते कार्यालय समय भित्र प्राप्त गरि सक्नुपर्नेछ ।
४. प्रस्ताव खरिदकर्ताले आफूले प्राप्त गरेको प्रस्ताव फाराम भरी मिति २०७६/०६/१६ गते दिनको १२ बजे सम्म युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाण्डौंमा दर्ता गरिसक्नुपर्ने छ । प्राप्त प्रस्तावहरुमध्ये प्राविधिक प्रस्ताव सोही दिन दिनको २ बजे प्रस्तावदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा खोलिने छ तर प्रस्तावदाता स्वयं वा निजको प्रतिनिधि अनुपस्थित भएमा पनि यस मन्त्रालयले प्रस्ताव खोल्न बाधार पर्ने छैन।
५. प्रस्ताव फाराम बुझिलिने तथा पेश गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुल्ने दिनलाई प्रस्ताव प्राप्त गर्ने तथा पेश गर्ने अन्तिम दिन कायम गरिनेछ ।
६. प्रस्तावदाताले प्रस्ताव पेश गर्दा प्रस्ताव फाराम भरी खामको बाहिरपट्टी उत्पादन वा प्रसारणको प्राविधिक र आर्थिक कुन के प्रस्ताव हो स्पष्ट लेखी छुट्टाछुट्टै गरी सिलवन्दी भएको हुनुपर्नेछ ।
७. रीत नपुगेको वा तोकिएको म्यादभित्र प्राप्त नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।
८. प्रस्ताव स्वीकार गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ ।

प्रस्तावदवालाहरुको मात्र आर्थिक प्रस्ताव खोलिने छ र उपलब्ध आर्थिक प्रस्तावहरु मध्ये सबैभन्दा घटी कबोल गरेको आर्थिक प्रस्ताव स्वीकृत गरिने छ ।

१०. प्राविधिक प्रस्तावको मूल्यांकनमा उत्तीर्ण दुई वा दुई भन्दा बढी प्रस्तावदाताको आर्थिक प्रस्तावको बोलकबोल रकम बराबरी भई न्यूनतम रकम कबोल गर्ने प्रस्ताव छुट्याउन पर्ने अवस्थामा प्राविधिक प्रस्तावको प्राप्ताङ्कमा बढी अङ्क हुनेको प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिनेछ।

११. प्रस्तावदाताले प्राविधिक प्रस्तावको विवरणमा शैक्षिक योग्यता, तालिम वा अनुभव उल्लेख भएमा सोको पुष्ट्याँई गर्ने प्रमाणित कागजात अनिवार्य पेश गर्नुपर्ने छ ।

१२. यसमा उल्लेख नभएका अन्य विषयहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

१३. यस सम्बन्धी विस्तृत जानकारीका लागि कार्यालय समयभित्र मन्त्रालयमा उपस्थित भई जानकारी लिन वा फोन नं. ०१-४२००५४४ तथा वेवसाइट www.moys.gov.np मा पनि हेर्न सकिने छ ।

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं